संघीय संसद

प्रतिनिधि सभा

# उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति

मिति: २०८०/११/२९, बैठक संख्या: २७

## <u>छलफल/निर्णय</u>

समितिको आजको बैठकमा उद्योग सचिव तथा उद्योग विभागका महानिर्देशकको उपस्थितिमा सूर्ती, खैनी तथा गुट्खा उद्योगको पुँजी तथा क्षमता बृद्धिको स्वीकृतिका सम्बन्धमा छलफल गरी देहाय बमोजिमको निर्णय गरियोः-

१. औद्योगिक तथा लगानी प्रबर्द्धन बोर्डको मिति २०८० पुस २४ गतेको गुट्खा तथा सुपारी उद्योगलाई पुँजी बृद्धि गर्न दिने निर्णय सम्बन्धी सम्पूर्ण कागजात तथा पुँजी बृद्धि भएका उद्योगहरूको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन र जनस्वास्थ्य प्रभाव मूल्यांकन प्रतिवेदन नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग माग गर्ने,

२. समितिको २०८० फागुन २० गते भएको छलफल एवं निर्णयका आधारमा स्पञ्ज आइरन, विलेट्सको भन्सार महशुल, अन्तःशुक्ल तथा उद्योगहरूको अवस्थाको अध्ययन गरी २०८१ असार मसान्तभित्र समितिमा प्रतिवेदन पेश गर्ने गरी देहाय बमोजिम उपसमिति गठन गर्ने,

- मा. कृष्ण कुमार श्रेष्ठ
- मा. गणेश पराजुली
- मा. गीता बस्नेत
- मा. दुर्लभ थापा क्षेत्री
- मा. रेखा यादव
- मा. लक्ष्मी महतो कोइरी
- मा. सुर्यमान तामाङ (दोङ)

३. समितिको अर्को बैठक पछि सूचना गर्ने गरी आजको बैठक स्थगित गरियो।

................
(रामकुमार पौडेल)
समिति सचिव

.....................
(मा. अब्दुल खांन)
सभापति